
# शारदा नगरपालिका सल्यानको

# सातौ नगर सभा बैठक



# आ.व २०७७/०७८ को लागी

# नीति तथा कार्यक्रम

**खलंगा सल्यान** **मितिः २०७७ आषाढ १०**

# शारदा नगरपालिका सल्यानको
# आ.व. २०७७।०७८ को नीति तथा कार्यक्रमः-

उपस्थित नगरसभाका आदरणिय सभासद साथीहरु,

शारदा नगरपालिकाको सातौ गरिमामय सभामा शारदा नगरपालिकाको आ.व. २०७७।०७८ को नीति तथा कार्यक्रम सभा अध्यक्षको हैसियतले प्रस्तुत गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महसुस गरेको छु। यस घडिमा देश र जनताप्रति समर्पित भई आफ्नो जीवनको बलिदान दिने सम्पुर्ण शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । लोकतन्त्र प्राप्तिको विभिन्न आन्दोलनमा अग्रसर भई अगुवाई गर्ने सम्पुर्ण अग्रजहरु, वेपत्ता नागरिकहरु तथा अन्य सम्पुर्ण नेपाली नागरिकहरुका साथै बुद्धिमतापूर्ण सुझावलाई सम्मान व्यक्त गर्दै संविधान निर्माताहरु प्रति उच्च सम्मान समेत प्रकट गर्न चाहन्छु । नेपाली नागरिकहरुको लामो त्याग, बलिदान तथा संघर्षको प्रतिफल स्वरुप प्राप्त उपलब्धीहरुको रक्षाको लागि आफुलाई प्रतिबद्ध राख्दै थप उपलब्धीहरु हासिल गर्न प्रयासरत रहने प्रतिबद्धता समेत व्यक्त गर्दछु । नेपाल सरकारले लिएको **"समृद्ध नेपाल सुखी नेपाली "** को नीतिलाई सार्थक तुल्याउन र नगरपालिकालाई समृद्धिको बाटोमा लैजान समृद्ध नगर खुसी नगरवासीको नीति अंगिकार गर्ने प्रतिबद्धता समेत व्यक्त गर्दछु ।

विभिन्न ऐतिहासिक राजनैतकि परिवेशको समयान्तरमा संविधान सभा बाट पारित नेपालको संविधान विद्यमान ऐन कानुन नियमावली

सहित सुशासनको माध्यमबाट सार्वभौम शारदा नगरवासी आर्थिक समानता, समावेशी र सहभागितामुलक सिद्धान्तका आधारमा समतामुलक शारदा नगरपालिकाको निर्माण गर्ने संकल्प सहित समग्र विकासको निम्ति उपलब्ध सिमीत श्रोत र साधनको अधिकतम रुपमा सदुपयोग, उपलब्ध साधन श्रोतको उचित विनियोजन तथा समान योजना तर्जुमा सञ्चालन गरी प्रत्यक्ष प्रतिफलको प्राप्ति नै हाम्रो एक मात्र लक्ष्य रहि आएको छ । आर्थिक बर्ष २०७७/७८ को नीति तथा कार्यक्रमहरु तर्जुमा गर्दा विगत बर्षको अनुभव, सकारात्मक पक्षको निरन्तरता सहित शारदा नगरपालिका भित्र सुशासनको लागि विशेष ध्यान दिएको छु । आ.व. २०७७/७८ को बजेट सीमा निर्धारण गर्दा विश्वव्यापी महामारी Covid-19 जस्ता रोगहरुको प्रभावलाई समुदायमा फैलिन नदिइ शारदा नगरवासीहरुको सु-स्वास्थ्यलाई गम्भीरतापुर्वक ध्यानमा राखी आकस्मिक प्रकोपहरुको नियन्त्रणका लागी पुर्व तयारीको व्यवस्थापन गर्ने पक्षलाई प्राथमिकतामा राखेको छु । कोरोना भाईरस Covid-19 महामारीका कारण प्रभावित भएका गरिव, असहाय विपन्न समुदायहरुलाई रोग र भोक बाट बचाउनको लागी राहत वितरणको प्याकेज ल्याउने निति लिएको छु । आर्थिक विकास तर्फ कृषि, उद्योग बाणिज्य , पर्यटन, सहकारी, वित्तिय क्षेत्रका साथै बाह्रय क्षेत्रलाई समेत महत्व दिइएको छु । बेरोजगार विपन्न नगरवासीहरुको आय आर्जन वृद्धि गर्ने क्रियाकलापहरु सञ्चालनमा ल्याइने छन् भने सामाजिक विकास तर्फ शिक्षा, खानेपानी, तथा सरसफाई, ऐतिहासिक मठ मन्दिर, पाटी पौवा, गुफा, विभिन्न कला संस्कृतीको जगेर्ना, वातावरणीय प्रभावको अध्ययन, लैंगिक

समानता तथा सामाजिक समावेशिकरणको साथै वर्तमान समयमा हामीले प्रत्यक्षरुपमा सामना गरीरहेको विश्वव्यापी महामारी COVID 19 जस्ता रोगहरुको प्रभावलाई समुदायमा फैलिन नदिई शारदा नगरवासीहरुको सु स्वास्थलाई गंभीरतापूर्वक ध्यानमा राखि आकस्मिक प्रकोपहरुको नियन्त्रणका लागि पूर्व तयारीको व्यवस्थापन गर्ने पक्षलाई प्राथमिकतामा राखेको छु ।

नागरीकहरुको जीवन रक्षा हाम्रो पहिलो प्राथमिकतामा रहेको वर्तमान अवस्थामा COVID 19 को डटेर सामना गर्न तथा स्वदेश तथा विदेशवाट घर फर्कनु भएका नागरीकहरुलाई बढि भन्दा वढि मानवीय तथा स्वास्थ्य सहयोग दिने उद्येश्यका साथ हाम्रो साधन श्रोतले भ्यायसम्मका सुविधाहरु सहित स्थापना गरिएका क्वारेन्टाइन मा रहेका ३५० जना को PCR Test गरी Neg. रिपोर्ट पश्चात सकुशल घरमा पठाई सकिएको छ । हाल एकातिर क्वारेन्टाइन मा रहनु भएकाहरुको पनि छीटै स्वास्थ्य परिक्षण गरीने कार्य तिब्रताका साथ अगाडि वढाई रहेका छौं भने अर्कोतिर संभावित संक्रमित हुन सक्नेहरुको खोजीकार्यलाई पनि गंभिरताका साथ लिईरहेका छौं । महामारी नियन्त्रण कार्यमा अहोरात्र खटीनु भएका सम्पूर्ण जन प्रतिनिधि ज्यू हरु,सम्पूर्ण कर्मचारी वर्गहरु तथा शारदा नगरवासीहरुको साथै जिल्ला स्थित जिल्ला प्रशासन कार्यालय सहित सवै शान्ती सुरक्षा निकायहरुको सक्रियताको म विशेष सरहना गर्न चाहन्छु र अत्यन्तै चुनौतीपूर्ण आगामी दिनहरुमा समेत अझै सेवा भावले सचेत रही यस क्षेत्रमा निरन्तर अग्रसर रही सभ्य नागरिकको परिचय प्रबाह गर्न समेत आग्रह गर्दछु ।

कोरोना भाईरस समुदायमा फैलिन नपाओस भन्ने जन स्वास्थ्यको दृष्टिकोणले संभव भए सम्मका जन सचेतनाका प्रचार प्रसारहरु तथा नेपाल सरकारवाट लागु गरिएको वन्दावन्दीको पूर्णरुपमा पालना गर्ने क्रममा निम्न आय श्रोत भएका मजदूर वर्गहरुको सहयोगको लागि शा.न.पा. वाट न्यूनतम साधन श्रोतमा सिमित रही खाद्यान्न राहत समेत उपलव्ध गराइएको यँहाहरु सामु स्पष्टनै छ। राहत वितरण एवं संकलन गर्ने कार्यमा मानविय भावना सहित सहयोग गर्नु हुने सम्पूर्ण सहयोगी हातहरु प्रति म हार्दिक आभार व्यक्त गर्न चाहन्छु।

आदरणिय नगरसभाका साथीहरु

विकासको प्रतिफल सवैको पहुँचमा पुऱ्याउन समानता र समतापूर्ण तरिकाले सहभागिताको सुनिश्चितता गर्दै विकास र समृद्धिलाई आम नागरिकको घर दैलोमा पुऱ्याउन तिव्र विकास प्रणालीलाई अगाडि बढाइने छ। पारदर्शी, स्वच्छ, निश्पक्ष र गतिशिल प्रशासन, सेवामुखी, समन्वयात्मक र प्रभावकारी नागरिक सेवा प्रदान गर्नु र अल्पकालीन र दिर्घकालीन विकास रणनीतिका आधारमा शारदा नगरपालिकालाई देशकै नमुना नगरपालिकामा रुपान्तरण गर्नु हाम्रो साझा संकल्प रहेको ब्यहोरा पुन: दोहऱ्याउन चाहन्छु। हाम्रो सम्पुर्ण शक्ति, साधन श्रोत, जाँगर र विवेक यसैतर्फ केन्द्रित गरिरहेका छौं। यसमा सवै राजनैतिक दल, विज्ञहरु, सवै राष्ट्रसेवक साथीहरु , नेपाल सरकार, (संघ, प्रदेश ) अर्न्तराष्ट्रिय क्षेत्र र समकक्षीय नगरपालिका, गाउँपालिका, सरकारी गैरसरकारी निकायहरु, वित्तिय निकायहरु, तमाम विकासका साझेदारहरु, पत्रकार साथीहरु सवै नगरवासी दाजुभाई दिदिबहिनीहरुको अमूल्य सुझाव र पुर्ण सहयोग प्राप्त

गरिरहेको छु थप अझै सहयोगको अपेक्षा राख्दै हार्दिक आग्रह समेत गर्दछु ।

शारदा नगरपालिकाको पूर्वाधार विकासतर्फ विभिन्न सडकको गुरुयोजना सहित स्तरउन्नती कार्य लाई निरन्तरता दिइने छ । यस्तै वातावरण तथा विपद् व्यवस्थापन तर्फ  बन तथा भु संरक्षण, फोहरमैलाको उचित व्यवस्थापन, जलाधार संरक्षण, जलवायू परिवर्तन तथा वातावरण संरक्षण, विभिन्न प्रकारका विपद् व्यवस्थापनको लागि आवश्यक नीतिहरुको तर्जूमा गरी संस्थागत विकास तथा सेवा प्रवाह, सुरुक्षाको प्रत्याभूति, स्थानीय तथ्याङ अभिलेख, सुचना प्रविधी, विभिन्न अनुसन्धान तथा विकास, पञ्जिकरण व्यवस्थापन, सुशासन प्रवर्द्धनमा “रहरले काम गरौ, हाँसेर  सेवा गरौ”  भन्ने मनसायका साथ व्यवस्थापन पक्षलाई कार्यक्षेत्रमा सक्रिय बनाई अटुट तथा गुणस्तरीय सेवा प्रदान गर्न कट्टिबद्ध रहने निवेदन गर्न चाहन्छु ।

सबल, समृद्ध र विकसित राष्ट्र निर्माण र लोकतन्त्रको आधार स्तम्भको रुपमा रहेको स्थानीय तहका हामी जनप्रतिनिधीहरुलाई जनताको लागि सेवा गर्ने एउटा ऐतिहासिक अवसर प्राप्त भएको छ । निरँकुश, केन्द्रिकृत र एकात्मक राज्य व्यवस्थाको अवधारणा समाप्त भएको छ भने स्थानीय तहहरुले  संवैधानिक रुपमा स्थानीय सरकारको आकार र अधिकार प्राप्त गरेका छन् । एकातिर लामो राजनैतिक संक्रमणको अन्त्य भई सकेको छ भने अर्कोतिर मुलुकको सार्वभौमसत्ता र राजकिय सत्ताको प्रयोग नेपाली जनता आफैले आफ्नो गाउँ ठाउँबाट प्रयोग गर्ने अवसर प्राप्त गरेका छन् । राष्ट्र राष्ट्रियता र लोकतन्त्र अझ सवल भएको छ, गणतन्त्र संस्थागत भएको छ , विकास र समृद्धिको

नयाँ युगमा हामी प्रवेश गरेका छौ । साधनश्रोत, क्षमता र दक्षताको आत्मवलका साथ अघि बढ्नु हामी र हाम्रा नगरवासी दाजुभाई दिदी बहिनीहरुका लागि विकसित शारदा नगरपालिका निर्माण गर्नु आजको हाम्रो प्रमुख जिम्मेवारी र चुनौति बनेको छ ।

शारदा नगरापलिकाको आ.व २०७७/०७८ को बजेट, योजना, नीति तथा कार्यनीतिहरु कार्यान्वयन गर्नु भन्दा अगाडी कार्यविधीहरु समेत अनिवार्य रुपमा निर्माण गरी शारदा नगरापलिकाले आफ्ना क्रियाकलापहरु सञ्चालन गर्दै आईरहेको र निर्माण हुन बाँकी रहेका कार्यविधीहरु समेत अनिवार्य रुपमा निर्माण गरी आवधिक योजना, दिगो विकासका लक्ष्यहरु, नगरभित्रका विशेष गौरवका योजनाहरुलाई निरन्तरता दिइनेछ ।यसवाट परिणाममुखी कार्यप्रणालीको विकास भई नागरिकहरुप्रति जवाफदेही, जिम्मेवार र उत्तरदायी हुने विश्वास लिएको छु ।

हामी नेपाली नागरिकहरुको संघर्ष र वलिदान स्वरुप प्राप्त अधिकारहरुको समुचित प्रयोग गर्दै अधिकार प्रति सचेत नगरवासीको अमूल्य मतदानबाट प्राप्त जिम्मेवारीप्रती हामी सवै जनप्रतिनिधीहरु प्रतिवद्ध छौ । नगरपालिकालाई समृद्ध बनाई नगरबासीहरुलाई सकारात्मक परिवर्तनको अनुभूति दिलाउन हामी सवैको कर्तव्य हुन आउँछ। केन्द्र सरकार, प्रदेश सरकार, छिमेकी स्थानीय सरकार र अन्य स्थानीय सरकार सँगको समन्वय तथा सहकार्यमा हामी सवैको प्रयासमा नगरपालिकाको सर्वाङ्गीण विकासमा ध्यान पुऱ्याउँदै नगरवासीको हितलाई कायम राखी नगरपालिका लाई समृद्ध नगर बनाउनु यस शारदा नगरपालिकाको प्रमुख नीति रहेको छ ।

आदरणिय नगरसभाका साथीहरु

यस शारदा नगरपालिकालाई प्राप्त हुने संघीय वित्तिय समानिकरण अनुदान, प्रदेश अनुदान, आन्तरिक श्रोत, र संघीय राजश्व बाँडफाँड तथा केन्द्रिय सर्शत अनुदान बजेटमा आधारित भई शारदा नगरपालिका सल्यानको भावी सोच लक्ष्य देहाय बमोजिम हुनेछ ।

१ सोच :- "**समृद्ध समुन्नत तथा विकसित शारदा नगर, सक्षम नगरवासी** "" **सफा स्वच्छ र सुन्दर शहर शारदा नगरवासीको रहर** " " **जनताको ठुलो चाहाना सुदृढ स्वास्थ्यको कामना** " **र** " **सहुलियत उर्जामा सहकारी, उद्यमशिलता र रोजगारी" प्रमुख सोच रहेको छ ।**

२ **लक्ष्य :-** प्रविधि युक्त विकसित नगर, जनमैत्री सार्वजनिक सेवा, सहभागितामुलक विकासका क्रियाकलापको माध्यमवाट सुव्यवस्थित स्वस्थ्य र आकर्षक नगर बनाउने आधार तयार पार्ने लक्ष्य रहेको छ ।

३ **उद्देश्य र अपेक्षित उपलब्धी :**

नगरलाई समृद्ध, समुन्नत र विकसित तथा नगरबासीलाई सक्षम बनाउदै सो को लागि देहाय बमोजिमका उपलब्धीको अपेक्षा गरीएको छ :-

३.१ स्वास्थ्य, कृषि, शिक्षा, र रोजगारीको प्राथमिकतापूर्ण विकास ।

३.२ पूर्वाधार सहित विभिन्न विषयगत क्षेत्रको विकास ।

३.४ पूर्वाधार विकासमा जोड ।

३.५ विभिन्न विषयगत क्षेत्रको विकास ।

३.६ विकासका सवै क्रियाकलापहरुमा सवैको समान सहभागिता ।

३.७ प्रविधि युक्त नगर र सूचनामुलक क्रियाकलापहरु ।

३.८ वन,वातावरण र भू-संरक्षणलाई कायम राख्दै विकासका क्रियाकलापहरु संचालन ।

३.९ सक्षम, र निष्पक्ष प्रशासन संयन्त्र र पारदर्शीमा जोड आदी ।

**आदरणिय नगरसभाका साथीहरु**

**मथिका सोच, लक्ष्य, र अपेक्षित उपलब्धीहरु हासिल गर्नको लागि तपशिल बमोजिमका विषयमा देहायको क्षेत्रगत नीतिहरु अवलम्बन गरिने छ ।**

## १ स्वास्थ्यतर्फ

१.१ कोरोना भाइरस (Covid-19 )ले बैदेशिक रोजगार गुमाएका, विपन्न गरीब जन समुदायलाई रोजगारी उपलब्ध गराउन उच्च प्राथमिकता दिइनेछ ।

१.२ सम्पुर्ण नगरवासी तथा गरिव, पिछडिएका र सिमान्तकृत वर्ग सम्म स्वास्थ्य पहुच अभिबृद्धि गरिने छ ।

१.३ आकस्मिक स्वास्थ्य समस्यालाई रोकथाम र नियन्त्रण गर्न रणनीतिक कार्य गरिने छ ।

१.४ १५ वटै वडाका महिला स्वास्थ्य स्वयं सेविकाहरूलाई समयानुकूल केही सुविधाहरूमा वृद्धि गरिने छ ।

१.५ शारदा नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य चौकी र आधारभुत स्वास्थ्य सेवा केन्द्रहरुलाई समायनुकुल स्तोरन्नती साथै भौतिक व्यवस्था तथा औजार उपकरणहरुको समेत यथोचित व्यवस्था मिलाई आवश्यक सुधार गरिनेछ । साथै जनशक्तिको क्षमता विकासमा विशेष जोड दिइने छ ।

१.६ १५ वटै वडाहरुमा बसोबास गर्ने जेष्ठ नागरिक तथा शारीरिक अपागंता भएकाहरुलाई स्वास्थ्यकर्मीहरुद्धारा घर दैलोमानै पुगेर निःशुल्क स्वास्थ्य परिक्षण तथा उपचार गरीने व्यवस्था मिलाईने छ ।

१.७ प्रजनन् स्वास्थ्यको कार्यक्रमहरु निरन्तर रुपमा अगाडि बढाउदै लगिनुका साथै मातृ तथा नवजात शिशु कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

१.८ १५ वटै वडाहरुमा महिला तथा बालबालिकाहरुको लागि सुनौलो १००० दिने

पोषण कार्यक्रम सञ्चालन गर्न जोड दिईनेछ साथै नगरपालिकाको पोषण स्थिती सुधारका लागी पोषण सम्बन्धी विविध कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

१.९ आकस्मिक स्वास्थ्य सेवामा टेवा पुऱ्याउन एम्बुलेन्स तथा शव बाहन गाडीको व्यवस्था गरिने छ ।

१.१० अकस्मात आइपर्ने महामारी नियन्त्रण, रोकथाम एवं विपद व्यवस्थापन पुर्व तयारीको उचित व्यवस्था मिलाइने छ ।

१.११ महामारी नियन्त्रण तथा आकस्मिक प्रकोपजन्य कार्यमा खटिने कर्मचारीको स्वास्थ्य विमालाई निरन्तरता दिईनेछ ।

१.१२ महामारी तथा सरुवा रोग नियन्त्रण गर्ने कार्यमा अग्रपंक्तीमा खटीने कर्मचारीहरुलाई प्रोत्साहन गर्न विशेष भत्ताको व्यवस्था गरीने छ ।

१.१३ कोरोना भाइरस Covid-19 ले नागरीकमा पार्न सक्ने मानसिक समस्यालाई मध्यनजर गर्दै मानसिक स्वास्थ्यको कार्यक्मलाई प्राथमिकता दिईनेछ ।

१.१४ विद्यालय स्तरमा विद्यार्थीको स्वास्थ्य सम्बन्धी चेतना अभिबृद्धी गर्नको लागि विद्यालय स्वास्थ्य शिक्षा सम्बन्धी कार्यक्रम अगाडी बढाइनेछ ।

१.१३ कृषि नीति तर्जुमा गरी कृषि उत्पादनमा आत्म निर्भरता उन्मुख बनाउने गरी कृषि तर्फ देहाय अनुसार गरिने छ ।

क) आकाशे पानी संकलन प्रविधिमा जोड दिइने छ ।
ख) वातावरण मैत्री व्यावसायिक कृषीमा जोडदिइने छ ।
ग) मकै बिउ उत्पादन (ब्लक )को रूपमा विकास गरिने छ ।
घ) विषादी रहित तरकारी उत्पादन (ब्लक ) को रूपमा विकास गरिने छ ।

ङ) भिरालो जमिनमा गह्रा सुधार प्रविधिबाट गह्रा सुधार खेतीका अवलम्बन गरिने छ ।

च) पकेट र ब्लकको रूपमा स्थानीय स्त्तरमा अधिक उत्पादने हुने बालीहरूको खेतीमा जोड दिईने छ ।

छ) तरकारी तथा फलफूल खेतीमा विषादीको प्रयोगलाई निरूत्साहित गरिने गरी जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिने छ ।

ज) कृषि पर्यटनको माध्यमबाट धार्मिक तथा सार्वजनकि स्थलमा वरपर फलुफूल खेतीलाई प्राथमिकताका साथ अगाडि बढाईने छ ।

झ) साना सिँचाई तथा पानी संकलन प्रविधिलाई व्यापक बनाईने छ ।

ञ) कृषि क्षेत्रमा उत्पादकत्व बृद्धी गर्न पराम्परागत रूपमा रहेका काठे डुर, पाईपलाई विस्थापित गरी पक्की सिँचाई कुलोको विस्तारमा जोड दिईने छ।

ट ) माटो परिक्षण गरी उपयूक्त कृषि प्रणाली अवलम्वन गर्ने कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।

ठ) यसबर्ष कृषि तथा पशुपालनको क्षेत्रमा रोजगारीमुखी तथा जनसहभागितामुलक वा समुहगत उत्पादन कार्यको लागि जोड दिंदै अनुदान समेत उपलव्ध गराउने व्यवस्था मिलाईने छ ।

## १.१४ शिक्षातर्फ

क) आधारभुत तथा माध्यामिक शिक्षामा गुणस्तरता ल्याई निःशुल्क र अनिवार्य गर्ने र प्राविधिक शिक्षामा जोड दिईने छ ।

ख) शैक्षिक वेरोजगारी व्यवस्थापन गर्न सिपमुलक तालिम प्रदान गरी शिक्षालाई प्रविधी मैत्री बनाइनेछ ।

ग) अनियमित रूपमा सञ्चालित शैक्षिक सस्थाहरूलाई नियमन गरी
शैक्षिक सुधारको नीति अवलम्बन गरिने छ ।

घ) शारदा नगरपालिका अन्तर्गत रहेका सार्वजनिक तथा निजि विद्यालयहरूको शैक्षिक क्षेत्र गुणस्तर सहित सुविधा सम्पन्न नमुना विद्यालयहरू १५ वटै वडाहरूमा स्तोरोन्नती गरिने छ ।

ङ) नगरक्षेत्रभित्रका विद्यालयबाट सर्वोत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई पुरस्कृत गरिनेछ ।

च) प्रराम्भिक बाल विकाशका शिक्षकहरूलाई प्रोत्साहनको लागी व्यवस्था गरिएको छ ।

छ) प्रविधिलाई सिकाई संग जोड्न सवै विद्यालय लाई कम्प्यूटरको व्यवस्था गरिने छ ।

ज) कोरोनाको संक्रमणलाई मध्यननर गरी विद्यालयमा स्वास्थ्य चेतनामुलक कार्यक्रम सञ्चालन गरिने छ ।

झ) कोरोनाको सन्त्रासबाट प्रभावित विद्यार्थीहरूको लागि वैकल्पिक माध्यम बाट शिक्षण सिकाईको लागि व्यवस्थापन गरिनेछ ।

ञ) शिक्षण सिकाईलाई व्यवस्थित गर्न प्रत्येक विद्यालयको प्रधानाअध्यापक संग करार सम्झौता गरिनेछ ।

ट) शारदा नगरपालिका भित्रका सामुदायिक विद्यालयहरूलाई आवश्यक्ता अनुसार मर्ज गरिदै लगिनेछ ।

## **२) पूर्वाधार विकास तर्फ**

२.१ आ.व. २०७६।०७७ मा सञ्चालित क्रमागत आयोजना तथा कार्यक्रमहरूलाई अनिवार्य रूपमा निरन्तरता दिइने छ ।

२.२ शारदा नगरपालिकामा संघ र प्रदेशबाट बजेट विनियोजन भई सञ्चालान हुने पुर्वाधार तथा अन्य कार्यक्रमको लागि म्याचिङ फण्ड ( समपुरक कोष ) को व्यवस्था गर्न विशेष जोड दिईने छ ।

२.३ १५ वटै वडाहरूको वडाकेन्द्रमा बाह्रै महिना गाडी सहज रूपमा आवागमन गर्न उक्त सडकहरूको स्तरउन्नतीमा जोड दिइनुका का साथै सवै वडा कार्यालयका आफ्नै भवन निर्माण गरी सेवा प्रवाह गर्ने व्यवस्था मिलाइने छ।

२.४ १५वटै वडाहरूमा बाह्रै महिना सडक सहज रूपमा आवागमणको लागि मर्मत सम्भार कार्यकर्ता व्यवस्थापनमा जोड दिइने छ ।

२.५ शारदा नगरस्तरीय चक्रपथ (Ring road) निर्माण कार्यको अवधारणा यस बर्ष पनि कायम नै राखीएको छ।।

२.६ नगर क्षेत्रभित्र विद्युतीकरण गर्न बांकी रहेका सवै वडाका टोल बस्तीमा तत्काल विद्युतीकरण गर्न पहल गरिनेछ।

२.७ शहरी सडक क्रमश : कालोपत्रे गरिने छ।

२.८ ग्रामिण सडक र कच्ची सडकलाई स्तरोन्नती गर्दै क्रमशः कालोपत्रे गर्दै लगिने नीति अवलम्वन गरिनेछ।

२.९ वडा नम्बर ११ भुवनेश्वरी मन्दिर खैरावाङ र वडा नं. १३ को भद्रकाली मन्दिरलाई धार्मिक स्थल बनाउन उचित व्यवस्थापन गरिने छ।

२.१० नगरको आवश्यकता अनुसार वृहत आयोजनाहरू कार्यान्वयन गर्न दातृ संस्थाहरू संग समन्वय गरिने छ।

२.११ खानेपानीका लागि प्रत्येक टोल बस्तीमा रहेका संरचना लाई व्यवस्थीत गर्ने नपुगेका ठाउंहरूमा स्वच्छ सफा खानेपानी व्यवस्था गरिने छ।

२.१२ संभाव्यता अध्ययन गरी नगरको सुन्दरता बढाउन पार्कहरू थप निर्माण गर्ने कार्य अगाडी बढाईने छ।

२.१३ शारदा नगरपालिका क्षेत्रभित्र पूर्वाधार निर्माणका कार्यहरू गर्दा प्राविधिक दृष्टिले जटिल प्रकृतिका कार्यहरू बाहेकका हेभ्वी ईक्यूपमेन्ट ( डोजर स्काभेटर ) प्रयोगलाई निरूत्साहित गर्दै श्रम

प्रवृत्तीमा आधारित रोजगार उन्मुख कार्यक्रमलाई प्राथमिकता दिइने छ ।

२.१४ वस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डलाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

२.१५ गत आ.व.मा ठेक्कापट्टा भई निर्माणधीन सम्पन्न हुन नसकेका योजनालाई बहु बर्षिय क्रमागत योजनाको रूपमा सञ्चालन गरी सम्पन्न गरिनेछ ।

२.१६ संभाव्यता अध्ययन गरी नगरको सुन्दरता बढाउन पार्कहरू तथा व्यवस्थित रूपमा सवारी साधनहरूको पार्किङ स्थल निर्माण कार्य अगाडी बढाईनेछ ।

२.१७ शा.न.पा वडा नं. १ स्थित अत्याधुनीक बसपार्क निर्माण कार्यलाई अगाडी बढाइनेछ ।

२.१८ नगर उज्यालो कार्यक्रम लाई निरन्तरता दिईनेछ ।

## ३) वन र वातारबरण तर्फ

३.१ निजी क्षेत्र समेतको सहभागितामा वाताबरण मैत्री समाजको निर्माण गर्न गुरूयोजना तयार पारी लागु गरिने छ ।

३.२ विपत ब्यवस्थापनलाई न्यूनीकरण गर्न विपत व्यवस्थापन कोष प्रभावकारी बनाइनेछ

३.३ फोहरमैला संकलन तथा उचित व्यवस्थापन कार्यविधि कडाईका साथ लागू गरिने छ ।

३.४. वन तथा भू संरक्षण,जल उत्पन्न प्रकोप नियन्त्रण,जलाधार संरक्षण,जलवायू पविर्तन सम्बन्धी कार्याविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याईने छ ।

३.५ सवै वडामा खानेपानी मुहान संरक्षणको कार्यक्रमहरु लागू गरिनेछ ।

३.६ पराम्परागत रुपमा खनिएको पोखरी,ताललाई संरक्षण पुर्नःनिर्माण तथा पुर्नस्थापीत गरिनेछ ।

३.७ भु– उपयोग नीति तर्जूमा गरी जथाभावी जग्गा पल्टिङ, गर्ने कार्य नियन्त्रण गरी सुव्यवस्थित शहर निर्माणको आधार तयार पारिने छ ।

३.८ शारदा नगरपालिका भित्र उत्पादित कृषि खेतीयोग्य भुमीमा आधुनिक उपकरण प्रयोग, जग्गा प्लटिङ्ग कार्यलाई निरूत्साहित पारिदै लगिने छ ।

३.९ अतिक्रमण गरिएका जग्गाहरूको उचित व्यवस्थापन गरिने छ ।

३.१० फोहरमैला व्यवस्थापन तथा बर्गिकरण क्षेत्र (Sanitary Land Fill site ) लाई व्यवस्थित गरिने छ ।

३.११ सरकारी, सार्वजनिक जग्गा लगत कट्टी नापजाँच गरी व्यवस्थापन गर्ने कार्यक्रम ल्याईने छ ।

३.१२ गैरकानुनी तरीकाले खोलिएका मानव जिवन तथा उपभोक्ता हित संग प्रत्यक्ष सरोकार राख्ने औषधी पसल ,माशु पसल, पशुपंछी

तथा विषादी वेचविखन गर्ने पसलहरूको अनुगमन नियमन गरिने छ ।

३.१३ बाह्रै महिना विभिन्न बस्तीहरूमा हरियाली छाउन डालेघाँस, फलफुलका विरूवाहरूको वृक्षरोपण कार्यमा जोड दिईने छ ।

३.१४ नगर भित्रका सवै बासिन्दाहरूले आ–आफ्नो जन्मदिनका दिन एक वटा विरूवा रोपण गरी नगरमा हरियाली प्रदान गर्ने कार्यलाई प्राथमिकता दिईने छ ।

## ४) खानेपानी तर्फ

४.१ नगरका सवै वडा क्षेत्र, र गाउँ सम्म सुलभ तरिकाले खानेपानीको सुविधा पुऱ्याउन नयाँ प्रविधीमा जोड दिईनेछ ।

**४.२ १५ वटै वडामा खानेपानीको मर्मत सम्भारको व्यवस्थापन गरिने छ ।**

## ५) सहकारी र उद्यमशिलतातर्फ

५.१ गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत वेरोजगार युवा युवती तथा पिछडिएका समुदायमा सीप विकासका तालिमहरू आयोजना गरिने छ ।

५.२ उद्यमशिलता प्रर्वद्धनका लागि उद्यमशिलता तालिमको आयोजना गरिने छ

५.३ उद्यमशिलता प्रर्वद्धनका लागि प्रविधी हस्तान्तरण गरिने छ ।

५.४ उद्यमीहरूको लागि अध्ययन अवलोकन भ्रमणको व्यवस्था गरिने छ ।

५.५ नगरवासीहरूमा उद्यमशिलताको विकास तथा साना ठूला उद्योग व्यवसाय सञ्चालनमा जोड दिईने छ ।

५.६ कम्तीमा १० जना उद्यमहरू संलग्न रहेका उद्योगबाट उत्पादित सामाग्रीहरू उपभोक्ताहरूलाई उपलब्ध गराउन साझा सुविधा घरको स्थापना गर्न पहल गरिनेछ ।

५.७ सिप र दक्षता भएका कुनै पनि नागरिकहरू वेरोजगार नहुन भन्ने दृष्टिकोणका साथ नगर भित्र रोजगार तथा आयमुलक कार्यक्रमहरू सम्बन्धित निकायहरू संग समन्वय राखी अनिवार्य रूपमा प्राथमिकताका साथ सञ्चालन गरिने छ।

५.८ गरीवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत नयाँ लघु उद्यमीहरू तयार गरिने छ ।

५.९ शारदा नगरपालिका स्थित सवै प्रकारका सहकारी संस्थाहरूको क्षमता बृद्धि र सहकारी शिक्षामा जोड दिइने छ ।

५.१० आपत्कालीन अवस्थामा टेवा पुर्‍याउन तथा सर्व सुलभ एवं सुपथ मुल्यमा उपभोग्य सामाग्रीहरू उपलब्ध गराउन सदरमुकाममा एक उपभोक्ता सहकारी भण्डारको व्यवस्था मिलाइनेछ ।

५.११ एउटै प्रकृतिका सहकारी संस्था दर्ता गर्न कडाइ गरिनेछ भने सहकारीबाट गुणस्तरीय सेवा सर्व सुलभ रूपमा प्रदान गर्न प्रोत्साहन गरिने छ ।

## ६) सार्वजनिक सेवा प्रवाह र सुशासन तर्फ :

६.१ आन्तरिक राजश्व संकलन गर्ने क्रममा करको दायरा बढाउने र Digitalized नीति अवलम्वन गरिनेछ ।

६.२ नगर क्षेत्र भित्रका पर्यटन पूर्वाधारहरूको पहिचान गरी पर्यटन प्रवर्द्धन विकासमा जोड दिईने छ ।

६.३ हरित नगरको अवधारणा ल्याईनेछ ।

६.४ जेष्ठ नागरिक, विषय विज्ञहरूमा भएको सीप, ज्ञान, क्षमता अनुभवलाई नगरको वृहत्तर हितमा प्रयोग गर्न रोष्टर तर्जुमा गरिनेछ ।

६.५ गैर सरकारी संघसंस्थाको कार्यक्रम सञ्चालनलाई प्रभावकारी बनाउन अनुमती अनिवार्य नगरपालिकाको बजेट भित्र समावेश गर्ने नीति अवलम्बन गरिने छ ।

६.६ न्यायीक समितिलाई प्रभावकारी बनाउदै कानुनी शासन ( Rule of law ) स्थापना गरिने छ ।

६.७ शारदा नगरपालिकालाई सुशासन ( Good Governanve ) को नमुनायूक्त शहरको रूपमा विकसित गरिने छ ।

६.८ भाषा, कला संस्कृती र विकासको पुर्वाधार निर्माण गरिने छ ।

६.९ विपद् व्यवस्थापनको लागि विषयगत कार्यालयको समन्वयमा तत्काल खटिने टिम तयार गरिने छ । प्राकृतिक प्रकोप न्यूनीकरण, प्रकोपमा परेकाको उद्धार राहत र पुनर्स्थापनाको लागी विशेष कार्यक्रम ल्याइनेछ ।

६.१० मित्र राष्ट्रका नगरपालिका र देश भित्रका स्थानीय तह संग भँगेंनी सम्बन्ध कायम गरी आपसी सहयोग आदन प्रदान गरिने नीति लागू गरिनेछ ।

६.११ आस्था अनुसार मठ मन्दिर, प्रार्थना गृहको संरक्षण मर्मत निर्माण गरिने छ

६.१२ नगरपालिकाले गर्ने हरेक गतिविधीहरूलाई नगरपालिकाको वेभसाईटमा अपडेट एंव E-Governance लाई उच्च प्राथमिकता दिईनेछ ।

६.१३ सेवा प्रवाहलाई छरितो बनाउन कर्मचारी सुशासनलाई ठिक्कको आधारमा (Right Size) गरी सुशासन कायम गरिनेछ ।

## ७) पर्यटन प्रवर्द्धन तर्फ

७.१ नगर क्षेत्र भित्रका पर्यटन पूर्वधारहरूको पहिचान गरी पर्यटन प्रवर्द्धन विकासमा जोड दिइने छ ।

७.२ जिल्ला तथा राष्ट्रिय ख्याती प्राप्त प्रतिष्ठित व्यक्तित्वहरू तथा कला संस्कृती झल्किने विषयबस्तुहरू समेत समावेश हुने खालका प्रतिमा तथा आकृतिहरूको समेत आवश्यक र

उपर्यूक्त स्थानहरूमा स्थापना गर्दा राजनैतीक सहमतीको लागि पहल गरिने छ ।

## ८) लैंगिक समानता तथा समावेशीकरणतर्फ

८.१ जेष्ठ नागरिक सम्मान कार्यक्रम अन्तर्गत ७५ बर्ष पुरा भएका जेष्ठ नागरिकलाई बर्षमा १ पटक रु. २०००।- का दरले चाडपर्व खर्च उपलब्ध गराईने छ ।

८.२ समन्वयात्मक रुपमा वाल वचाउ कार्यक्रम,वालश्रम निषेध,वाल अधिकार तथा घरेलु हिंसा विरुद्धको कार्य योजना तयार पारीने छ । साथै बाल विवाह न्यूनीकरण गर्न सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ।

८.३ वडा तह सम्म लैगिक समानता र समाजिक समावेशीकरणको सहभागितात्मक विकास प्रक्रिया अवलम्बन गरिने छ ।

८.५ नेपाल सरकारको नीति अनुरुप शारदा नगरपालिका अन्तर्गत केही वडाहरुमा सामाजिक सुरक्षा भत्ता रकम बैङ्किग सेवा मार्फत प्रवाह गर्दै आईरहेकोमा आगामी बर्षदेखी सवै वडाहरुमा उक्त भत्ता रकमलाई बैङ्किग सेवा मार्फत नै गरिने प्रक्रीयालाई अगाडी बढाइनेछ ।

८.६ महिला, बालबालिका, अपांग, पिछडिएको बर्ग, दलित, एकल, द्धन्द्धपीडितको सम्मान, प्रवर्द्धन र सशक्तिकरण गर्न विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

## ९) संस्थागत विकास

९.१ व्यवस्थित कार्यालय कार्यप्रणालीको लागि आवश्यक प्रविधि अवलम्वन गरिने छ। यसका लागी अभिलेख व्यवस्थापन, सुशासन प्रवर्द्धनका लागि अणु शिक्षण तालिममा ध्यान दिईनेछ।

९.२ नविनतम प्रविधिको प्रयोग गरी सेवा प्रवाह गरीने छ साथै हरेक काम कारवाहीको नियमित रुपमा नागरिकलाई सुसूचित गर्न विशेष कार्यक्रम बनाइनेछ।

९.३ विषयगत कार्य योजनाको आधारमा कर्मचारीहरुको सस्थागतं क्षमता विकास, स्थलगत ज्ञान अनुभवलाई अवलोकन भ्रमण र तालिम प्रदान गराउने व्यवस्था मिलाईनेछ ।

९.४ यस नगरपालिकालाई विभिन्न क्षेत्रमा योगदान पु¥याउने संस्था र व्यक्तित्वलाई सम्मान र उचित पुरस्कार उपलब्ध गराउने नीतिलाई उच्च महत्व दिइनेछ।

अन्त्यमा यस शारदा नगरपालिकाको नीति तथा कार्यक्रम कार्यान्वियनमा सरोकार पक्षबाट सक्रिय सहयोग हुने विश्वास व्यक्त गर्दै सम्पुर्ण राजनीतिक दल, राष्ट्र सेवक, नीजिक्षेत्र बुद्धिजिवी, सञ्चारकर्मी सम्पुर्ण नगरवासी दाजुभाई तथा दिदिबहिनीलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। धन्यवाद।

**सुरेश अधिकारी**
**नगर प्रमुख**
**शारदा नगरपालिका सल्यान**
**२०७७ आषाढ १० गते**

# समाप्त